**अख्तियार दुरुपयोग अनुसन्धान आयोग**
**टङ्गाल, काठमाडौं**

मिति: २०८२।१२।२२ गते।

# प्रेस विज्ञप्ति

**विषयः प्रतिवादी सुरेन्द्र कुमार यादवसमेत रहेको गैरकानुनी लाभ वा हानी पुऱ्याई भ्रष्टाचार गरेको मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सम्मानित सर्वोच्च अदालतमा पुनरावेदनको निवेदन दर्ता गरिएको।**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट तिलाठी कोईलाडी गाउँपालिका, सप्तरीका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत **सुरेन्द्र कुमार यादव** समेतका प्रतिवादीहरु उपर तिलाठी कोईलाडी गाउँपालिकाको बोलपत्र आह्वानको सूचना र आशयको सूचना पत्रिकामा प्रकाशन नगरी आपसी मिलेमतोमा आफूहरुलाई गैरकानुनी लाभ तथा गाउँपालिकालाई गैरकानुनी हानिनोक्सानी पुऱ्याउने बदनियतले एक प्रति मात्र कही कतैबाट तयार गरी गराई त्यसरी तयार गरिएको झुट्टा विवरण सहितको पत्रिका, झुट्टा बिल तथा भरपाई लगायतको कागजातहरुको आधारमा रु.३,१६,४१०।– भुक्तानी दिई लिई भ्रष्टाचारजन्य गरेकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ङ) बमोजिमको कसुरमा बिगो रू.३,१६,४१०।- (तीन लाख सोह्र हजार चार सय दश रुपैयाँ मात्र) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगोबमोजिम जरिवाना गरी बिगो असूल उपर हुन मागदाबी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएकोमा विशेष अदालतले मिति २०८२।१०।०४ को फैसलाबाट सफाई दिएकोले उल्लिखित फैसलाउपर चित्त नबुझी मिति २०८२।१२।२२ गते सम्मानित सर्वोच्च अदालतमा पुनरावेदनको निवेदन दर्ता गरिएको छ।

सहायक प्रवक्ता
गणेश बहादुर अधिकारी